## नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ७, संख्याः ६, मंसिर २८ गते, २०८० साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

सिद्धलेक गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने व्यक्ति तथा सिद्धलेक गाउँसभा सदस्यहरुलाई जटिल प्रकृतिका (असाध्यरोग) लागेमा उपचार खर्च, पोषणयुक्त खाना तथा यातायात खर्चवापत गरिने आर्थिक सहयोग सम्वन्धी कार्यविधि,२०८० **(असाध्य रोग आर्थिक सहायता कार्यविधि,२०८०)**

**गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०।०८।२८**

**प्रस्तावनाः**

यस सिद्धलेक गाउँपालिका भित्र रहेका स्थायी रुपमा वसोवास गर्ने आर्थिक अवस्था न्युन भएका व्यक्तिहरु तथा सिद्धलेक गाउँसभा सदस्यहरुलाई दीर्घ रोगको पहिचान गरी सोको जानकारी प्राप्त भएपछि गाउँपालिकाबाट, औषधी उपचार, पोषणयुक्त खाना तथा यातायात खर्चको लागि न्युनतम दीर्घरोग (असाध्यरोग) को लागि गरिने आर्थिक सहयोग सम्वन्धी कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "असाध्य रोग आर्थिक साहायता कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "गाउँपालिका" भन्नाले सिद्धलेक गाउँपालिका सम्झनुपर्छ

ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष"भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च) " कार्यपालिका " भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

छ) " गाउँसभा " भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

ज) "वडा कार्यालय"भन्नाले गाउँपालिकाका सवै ७ वटा वडालाई जनाउँछ ।

झ) स्वास्थ्य शाखा भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखालाई जनाउछ ।

ञ) गाउँसभा सदस्य भन्नाले सिद्धलेक गाउँसभाका सदस्यलाई सम्झनु पर्छ ।

## ३. नियमहरु

नियमः३.१ असाध्य रोगहरु भन्नाले देहायका रोगहरुलाई जनाउंदछ ।

क) मुटुरोग ।

ख) मृगौला सम्वन्धी रोग ।

ग) क्यान्सर रोग ।

घ) अल्जाईमर ।

ङ) पार्किन्सन ।

च) ब्रेन ट्युमर ।

नियम ३.२ माथि नियम ३.१ मा उल्लिखित रोगहरुका हकमा देहाय बमोजिम वढीमा आर्थिक सहायता प्रदान गरिनेछ ।

क) मुटुरोग लागेका विरामिलाई न्यूनतम रु.१० हजार देखी अधिकतम रु.२० हजार सम्म ।

ख) मृगौला सम्वन्धी रोगमा न्यूनतम रु.१० हजार देखी अधिकतम रु.२० हजार सम्म ।

ग) क्यान्सर रोगमा न्यूनतम रु.१० हजार देखी अधिकतम रु.२० हजार सम्म ।

घ) अल्जाईमर रोगमा न्यूनतम रु.१० हजार देखी अधिकतम रु.१२० हजार सम्म ।

ङ) पार्किन्सन रोगमा न्यूनतम रु.१० हजार देखी अधिकतम रु.२० हजार सम्म ।

च) ब्रेन ट्युमर रोगमा न्यूनतम रु. १० हजार देखी अधिकतम रु.२० हजार

छ) अन्य रोगमा अध्यक्षज्यु वाट उपयुक्त ठहर गरे अनुसार अधिकतम रु.२५ हजार सम्म ।

ज) अन्य जटील चोटपटक, दुर्घटनाका लागि अध्यक्षले स्वीकृत गरेमा अधिकतम र रु. ५० हजार सम्म ।

झ) गाउँसभा सदस्यको दुर्घटना तथा अन्य रोग लागेमा खर्चको विल भर्पाईको आधारमा अधिकतम रु.२ लाख सम्म र गाउँसभाको निणर्यअनुसार रु ३ लाख सम्म।

नियमः ३.३ माथी उल्लेखित रोगहरुका अलावा नेपाल सरकारले पहिचान गरेका असाध्य रोगहरुको हकमा पनि लागू हुनेछ ।

नियमः३.४ आर्थिक सहायता प्राप्त गर्नका लागि अस्पातालले रोग निदान गरेको पत्र सहित वडा कार्यालयको सिफारिस हुनुपर्नेछ ।

नियमः३. ५ माथि पहिचान नभएका तर असाध्य प्रकृतिका रोग जसले व्यक्तिको दैनिक जीवनमा प्रत्यक्ष असर पार्ने गाउँपालिकाका अध्यक्षलाई लागेमा गाउँ कार्यपालिका तथा गाउँसभाबाट अनुमोदन हुनेगरी

आर्थिक सहायता प्रदान गर्न सकिने । यसरी सहायता प्रदान गर्दा एक आर्थिक वर्षमा एक जना व्यक्तिलाई एक पटक भन्दा बढी गर्न सकिने छैन ।

नियमः ३.६ यो कार्यविधि २०८०।०८।२८ गते देखि लागु हुनेछ ।

**४. खारेजी र वचाउ**

क) सिद्धलेक गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने व्यक्तिलाई जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग (पोषणयुक्त खाना तथा यातायात खर्च वापत) सम्वन्धी कार्यवधि,२०७९ लाई खारेज गरिएको छ ।

ख) यस कार्यविधिको खारेजी संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।